National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 24.02.2025

---

मुख्य समाचार :-

- प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वरको प्रत्येक भान्साघरमा, भारतको कम्तीमा पनि एक परिवार अवश्य शामेल गर्नु उहाँको सपना हो, भन्नुभएको छ ।
- भोपालमा आज Global Investors Summit को शुभारम्भ गर्दै इतिहासमा पहिलो पटक, विश्वले भारत तर्फ आशापूर्ण दृष्टिका साथ हेरिरहेको भन्नुभएको छ ।
- प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि असमको दुई दिने भ्रमणमा हुनुहुन्छ ।
- नवगठित दिल्ली विधानसभाको पहिलो सत्र आज मुख्यमन्त्री रेखा गुप्ता र उहाँका Cabinet सहयोगीहरूद्वारा विधायक पदको शपथ ग्रहणबाट शुरूभयो ।
- भारतीय रेलले प्रयागराजमा महाकुम्भ जाने भएका तीर्थयात्रीहरूका लगि सुविधाजनक यात्राको विकल्प प्रदान गर्न निरन्तर प्रयास गरि रहेको ।

रेलवे- महाकुम्भ

भारतीय रेलवे प्रयागराजमा महाकुम्भ- जानेभएका तीर्थयात्रिहरूका लागि सुविधाजनक यात्राको विकल्प प्रदान गर्न निरन्तर प्रयास गरि रहेको छ । रेल मन्त्री अश्विनी वैष्णवले, रेलवे बोर्डमा, नियन्त्रण कक्षबाट स्थितिमाथि निगरानी राख्नुहुँदैछ । श्री वैष्णवले भीड़ प्रवन्धनको निरीक्षण गर्नका लागि, नयाँ दिल्ली रेलवे स्टेशनको दौड़ाहा गर्नुभयो । पछी, संवाददाताहरूसित कुराकानी गर्दै, भीड़ नियन्त्रण गर्न, कैपन पाईलाहस चालिएको जानकारी उहाँले दिनुभयो । श्री वैष्णवले भन्नुभयो, आरक्षित टिकट भएका यात्रीहरू सोझै स्टेशन भित्र प्रवेश गर्न सक्छन् अनि टिकट न हुने यात्रीहरूलाई पहिले Holding Area मा राखिनेछ ।

मन्त्री वैष्णवले प्रधम तलबाट अनारक्षित टिकटहरूका सबै काउन्टरहरू हटाइएको अनि Holding Area मा त्यसको व्यवस्था गरिएको छ भन्नुभयो ।

---

अनिवार्य घोषणा- पब्लिक

आकाशवाणी समाचार सेवा प्रभागले आज राति साढे नौ बजे हिन्दी र इंगलिशमा आफनो साप्ताहिक फोन- इन कार्यक्रम अन्तर्गत Recycling and waste management अधतिन पुनर्चक्रण र अपशिब्त प्रवन्धन विषयबारे चर्चा प्रसारित गर्नेछ । यसमा अपशिष्ट प्रवन्धन विशेषज्ञ डाँकटर सुनील पाण्डे तथा पर्यावरणविद मुकुल सनवालका साथ कुराकानी प्रसारित गरिनेछ ।

कार्यक्रमका दौरान, श्रोताहरूले हाम्रा विशेषज्ञहरूसित अपशिष्ट प्रवन्धनका सर्वोच्चम उपायहरूसित सम्वन्धित प्रश्नहरू सोधनु सकनेछन् । टेलीफोन नम्बर 011-23421050 अनि 011-23314444 मा फोन गरि प्रश्नहरू सोध्नु सकिन्छ । यसका अतिरिक्त, श्रोताहरूले What's App नम्बर -9289094044 मा पनि आफ्नो प्रश्न पठाउन सक्छन् अथवा हैशटैग आस्क-एथरका साथ एक्स मा पनि आफ्ना प्रश्न पोस्ट गर्न सकिनेछ ।

---

आई सी सी चैम्पियन ट्राफी

ICC champions Trophy मा गए राति पाकिस्तान माथि भारतको जीत पछी देश र विदेशमा उत्सवको माहौल छ ।

विभिन्न राजनीतिक दलका नेताहरू, फिल्मी हस्तीहरू र अन्य क्ष्त्रहरूका दिब्यहरूले टीम इंडियालाई बधाई दिएका छन् ।

भारतले गए राति Dubai International Stadium मा Group A को एक महत्वपूर्ण मुकावितामा, पाकिस्तानलाई छ विकेटले पराजित गरेको थियो ।

स्टार बल्लेबाज विरात कोहलीलाई Player of the match चुनियो जसले एक दिवसीय क्रिकेटमा आफ्नो 51 औं शतक बनाए ।

कोहलीले बन डे मा सबभन्दा हिजो 14 हजार रन बताउने बल्लेबाज भएर इतिहास पनि रचेका छन् । यस बाहेक, उनले प्रतिद्वंदी पाकिस्तान विरूध्द सबभन्दा बढ़ि Player of the match पुरस्कार प्राप्त गर्ने रिकार्ड समेत बनाएका छन् ।

---

## दिल्ली विधानसभा पहिलो सत्र

नवगठिट दिल्ली विधानसभाको पहिलो सत्र आज मुख्यमन्त्री रेखा गुप्ता र उहाँका कैबिनेट सहयोगीहरूद्वारा- साहिब सिंह आशीष सूद, मनजिंदर सिंह सिरसा, कपिल मिश्रा, रवींद्र इंद्राज सिंह र पंकज सिंहद्वारा विधायक पदको शपथ ग्रहणबार शुरूभयो । अस्थायी अध्यक्ष अरविन्दर सिंह लवलीले अन्य नवनिर्वाचित विधायकहरूलाई पनि शपथ ग्रहण गराउनुभयो । विजेन्द्र गुप्तालाई विधानसभाको सवीकर चुनिएको छ । उपराज्यपाल वि के सक्सेना ले भोलि सदनलाई संवोधित गर्नुहुनेछ । पछिल्लो सरकारको कामकाजबारे भोलि CAG रिपोर्ट पनि प्रस्तुत गरिनेछ । तीन दिवसाय सत्र 27 फरवरी सम्म जारी रहनेछ ।

---

## जयशंकर शान्ति स्थापना

परराास्ट्र मन्त्री सुब्रमण्यम जयशंकरले भारत, संयुक्त रास्ट्र शान्ति स्थापना अभियानहरूमा सम्भन्द ठूलो योगदानकर्ता भएको भन्नुभएको छ । नयाँ दिल्लीमा महिला शान्ति सैनिकहरूको पहिलो सम्मेलनको बेला श्री जयशंकरले वैश्विक शान्तिमा शान्ति स्थापनाका प्रयासहरूको भूमिका महत्वपूर्ण छ, भन्नुभयो ।

वैश्विक शान्ति स्थापनामा भारतले आफ्नो योगदान दिइरहनेछ, उहाँले भन्नुभयो ।

सम्मेलनको विषय शान्ति स्थापनामा महिलाएँ वैश्विक दक्षिण का परिप्रक्ष्य रहेको छ । दुई दिवसीय सम्मेलनको आपोजना, परराास्ट्र मन्त्रालयद्वारा रक्षा मन्त्रालय र संयुक्त रास्ट्र शान्ति स्थापना केनद्रको सहयोगसित गरिनैछ । सम्मेलनमा ग्लोबल साउथ का 35 देशहरूकी महिला शान्ति सैनिकहरूले भाग लिईरहेकी छिन् ।

---

## अरूणाचल प्रदेश उपलब्धि

अरूणाचल प्रदेशले प्रधानमन्त्री आवास योजना ग्रामीणका अन्तर्गत घरहरूको निर्माण सय प्रतिशत पूरा गरिएको छ ।

मुख्यमन्त्री पेमा खांडूले Social Media post मा यो जानकारी दिनुभयो ।

श्री खांडूले राज्यमा यो लक्ष्य 21 फरवरी का दिन पूरा भएको भन्नुभयो ।

अरूणाचल प्रदेशले राज्यमा यस योजना अन्तर्गत 35 हजार 59 घरहरूको निर्माण पूरा गरेको छ ।

मुख्यमन्त्रीले यस योजनाका लागि प्रधानमन्त्री नरेन्द्र मोदीलाई पनि धन्यवाद दिनुभयो ।

---

प्रधानमन्त्री- भोपाल

यसअघि प्रधानमन्त्री नरेनद्र मोदीले इतिहासमा पहिलो पटक विश्वले भारत टर्फ आशापूर्ण दृष्टिका साथ हेरी रहेको भन्नुभएको छ । भोपालमा आज Global Investors Summit को शुभारम्भ गर्दै श्री मोदीले आम जन, अर्थशास्त्रीहरू, संसथाहरू अनि कैपन देशहरूलाई भारतबाट आशा- अपेक्षा रहेको छ, भन्नुभयो ।

प्रधानमन्त्रीले विकसित भारतमा टेक्सटाईल, पर्यटन तथा टेक्नाँलाँजी क्षेत्र सम्भन्द महत्पूर्ण हो, भन्नुभयो।

श्री मोदीले भन्नुभयो, मध्यप्रदेशमा लगानी गर्ने यो सबभन्दा राम्रो समय हो ।

उहाँले भन्नुभयो, यो राज्य खनिज संसथानहरूका साथै पूर्वाथधारको मामिलामा देशका शीर्ष राज्यहरूमा शामेल छ ।

---

रास्ट्रपति- महिला शान्ति सैनिक

रास्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ, महिला शान्ति सैनिकहरूको स्थानीय समुदायहरू सम्म राम्रो पहुँच हुन्छ तथा उनीहरू महिला अनि बच्चाहरूका लागि आदर्शको रूपमा कार्य गर्न सक्छिन् ।

लिग आधारित हिंसाको सामना गर्नु, विश्वास निर्माण अनि संवादलाई बढ़ावा दिने टर्फ उनीहरूले राम्रो काम गर्न सकिन्छन् भनि श्रीमती मुर्मुले भन्नुभयो । आज नयाँ दिल्लीमा रासट्रपति भवनमा, Global South की महिला शान्ति सैनिकहरूको एक समूहलाई संवोधित गर्दै रास्ट्रपतिले सो कुरा भन्नुभयो ।

---

प्रधानमन्त्री बिहार

श्री मोदीले बिहारमा, किसानहरूसित जुडेका योजनाहरू समेत, विभिन्न विकास परियोजनाहरूको उद्घाटन अनि लोकार्पण पनि गर्नुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वको प्रत्येक भान्साघरमा भारतको कम्तीमा पनि एक परिवार अवश्य शामेल गर्नु, उहाँको सपना हो भन्नुभएको छ । प्रधानमन्त्रीले उहाँरो सरकारले कृषि-उत्पादीहरूको निर्यनय प्रसंस्करण र विपणलआ बढ़ावा गिने तर्फ निरन्तर काम गरि रहेकोछ, भन्नुभयो । श्री मोदीले, 9 करोड़, 80 लाख किसानहरूलाई प्रधानमन्त्री किसान सम्मान निधि योजनाको 19औं किस्ता जारी गरेपछी भागलपुरमा एक जनसभालाई संवोधित गर्दै हुनुहुन्थ्यो । उहाँले वित्तीय सहायताको रूपमा 22 हजार, 700 करोड़ रूपियाँको राशि जारी गर्नुभयो ।

---

गोयल- इंगलैंड- FTA

भारत र इंगलैंडले आज मुख्य ब्याबार वार्ता फेरि शुरू गर्न सहमति जनसंख्याछन् । वाणिज्य तथा उद्योग मंत्री पीयूष गोयलले तथा दिल्लीमा England का वाणिज्य तथा व्यापार मंत्री जोवाधन रेवाल्डसका साथ संयुक्त संवाददाता सम्मेलनलाई संवोधित गर्दै यो कुरा भन्नुभयो ।

---

WPL Cricket

बँगलुरूमा महिला प्रीमियर लीग क्रिकेटमा अब देखि कोचि बेरमा Royal challengers Bengaluru को सामना UP Warriors का साथ हुनेछ ।

अंक तालिकामा बेंगलुरू, शीर्ष स्थानमा अनि UP पाँचौ स्थानमा रहेकोछ

---